# मार्मा गाउँपालिका राजपत्र

खण्डः ८ संख्याः४ मितिः २०८२/०३/०३

भागः १

## मार्मा गाउँपालिकाको नीति तथा कार्यक्रम, २०८२

गाउँ सभामा पेश मितिः २०८२/०३/०३
गाउँ सभाबाट पारित मितिः २०८२/०३/०३
प्रमाणिकरण मितिः २०८२/०३/०३
राजपत्रमा प्रकाशित मितिः २०८२/०३/०३

मार्मा गाउँपालिका
लटिनाथ दार्चुला
सुदूरपश्चिम प्रदेश नेपाल

# मार्मा गाउँपालिकाको

# आ.ब २०८२/०८३ को नीति तथा कार्यक्रम

# २०८२

जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका लटिनाथ, दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

# नीति तथा कार्यक्रम २०८२/०८३

यस पन्ध्रौ गाउँसभाको नीति तथा कार्यक्रम सार्बजनिकिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू , सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भूतपूर्व जनप्रतिनिधिज्यूहरु, बिभिन्न संघ सस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकार, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी, पत्रकार लगायत सम्पूर्ण मार्माबासि आदरणीय आमा-बुवा,दाजुभाई तथा दिदि-बहिनीहरु

यस मार्मा गाउँपालिकाको आ.व २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा म गौरवान्वित महसुस गरि रहेको छु ।

स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संघर्षबाट प्राप्त ऐतिहासिक उपलब्धि हो। जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका बहुआयामिक संघर्षका आधारमा जारी भएको नेपालको संविधानले स्थापित गरेका स्थानीय तहहरू आज जनउत्तरदायी शासनको मूर्तरूप हुन्।

**स्थानीय सरकारः समृद्धि र परिवर्तनको मेरुदण्ड** रहेकाले संविधान प्रदत्त अधिकारको प्रभावकारी प्रयोगमार्फत **"समृद्ध मार्मा, सुखी मार्माली"** अभियानलाई सफल बनाउने दिशामा हामी प्रतिबद्धताका साथ अघि बढिरहेका छौं।
यस अवसरमा, गणतन्त्र स्थापनाको क्रममा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात–अज्ञात अमर शहीदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, विभिन्न आन्दोलनका क्रममा घाइते तथा बेपत्ता नागरिकप्रति हार्दिक सम्मान प्रकट गर्दछु।
देशको राजनीतिक, सामाजिक रूपान्तरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएका सम्पूर्ण अग्रज नेतृत्वहरूप्रति गहिरो कृतज्ञता व्यक्त गर्दछु।
भौगोलिक, सामाजिक, आर्थिक विविधता तथा सांस्कृतिक एकतालाई आत्मसाथ गर्दै समावेशी, सन्तुलित र समन्यायिक विकासतर्फ उन्मुख हुन मार्मा गाउँपालिका सदैव प्रतिबद्ध रहँदै आएको छ। विकास निर्माणका गतिविधिहरू योजनाबद्ध र प्राथमिकताको आधारमा अघि बढाइनुपर्छ भन्ने मूल मान्यताका साथ, आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेट पालिकाका गौरवका आयोजनाहरूको कार्यान्वयन र निर्माणाधीन योजनाहरूको पूर्णता प्रदान गर्ने दिशामा केन्द्रित रहनेछ।
नेपालको संविधानको मर्म र भावना अनुसार स्थापित यस मार्मा गाउँपालिका भौगोलिक र सांस्कृतिक दृष्टिले विशेष पहिचान बोकेको स्थानीय सरकार हो। यसलाई समृद्ध, सक्षम र जनउत्तरदायी बनाउनका लागि आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न म यस सम्मानित सभामा उपस्थित भएको छु।

**उपस्थित सदस्यहरु**,
मार्मा गाउँपालिकाको सत्रौ गाउँसभामा यस गाउँपालिकाको **"जलस्रोत, जडीबुटी एवंम् पर्यटन पूर्वाधारको बिकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"** सहितको दीर्घकालीन सोचमा आधारित नीति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## विद्धमान परिवेश:

विश्वभर देखा परेका द्वन्द्व, भू-राजनीतिक तनाव र विभिन्न दातृ निकायहरूले अनुदान स्थगन गरेसंगै आपूर्ति शृंखलामा आएको अवरोधका कारण विश्व बजारमा उत्पन्न मन्दीको प्रत्यक्ष असर नेपालमा पनि देखिएको छ। संघीय सरकारले राजस्व र आम्दानीका अधिकांश श्रोतहरू आफ्नो नियन्त्रणमा राख्दा पनि स्थानीय तहका जिम्मेवारीहरूप्रति गम्भीर नहुनु, साथै

प्रदेश सरकारहरूबाट अपेक्षित सहयोग प्राप्त नहुनुले संघीय सरकारमार्फत स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणमा समेत प्रतिकूल प्रभाव परेको छ। यसको प्रतिफलस्वरूप, पालिकाहरूले अघि सारेका विकास निर्माण कार्यक्रमहरूमा ढिलाइ भएको छ।

यसका अतिरिक्त, रोजगारीका अवसरहरू अभावमा निरन्तर विदेश पलायन जारी छ। गाउँघरमा रहेका समुदायहरू पनि विभिन्न कारणले शहर केन्द्रित बसाइँ सर्न थालेका छन्, जसका कारण कृषि योग्य जमिनहरू बाँझो रहन थालेका छन्। यसले गर्दा गाउँका बस्तीहरू युवाविहीन बन्ने गम्भीर अवस्था सिर्जना भइरहेको छ। यी परिस्थितिहरूले बसाइँसराइ र युवा पलायनलाई आजको प्रमुख चुनौतीका रूपमा प्रस्तुत गरेको छ। यसको समाधानका लागि नागरिकहरूलाई युगअनुसारका सेवा-सुविधामा पहुँच, रोजगारीको सिर्जना, र समृद्धिको मार्गचित्र तय गर्न आवश्यक पूर्वाधारको विकास अपरिहार्य छ।

पछिल्ला दिनहरूमा विशेष गरी युवावर्गमा राजनीतिक दलहरू र तिनको नेतृत्वप्रति विश्वास घट्दै गएको र निराशा बढ्दै गएको पाइन्छ। यस स्थितिको समाधानका लागि राजनीतिक दलहरू र जनप्रतिनिधिहरूले अझ बढी उत्तरदायी, पारदर्शी र जनताप्रति जवाफदेही भएर कार्य गर्नु अत्यन्त आवश्यक देखिन्छ।

## विकास र समृद्धिको लक्ष प्राप्तिका लागि अवसर:

- राज्य संघीयतामा जादै गर्दा संविधानले स्थानीय तह लाइ २२ वटा एकल अधिकार सहितको बिबिध साझा अधिकार किटान हुनु ।
- स्थानीय तहले आफैले बिभिन्न ऐन कानुन नीति निर्माण गर्न पाउनु र निर्माण गरि रहेको ।
- विकास निर्माणका लागि बजेट तथा कार्यक्रम आफै निर्माण गर्न पाउनु ।
- पालिका भित्र भौगोलिक तथा सांस्कृतिक बिबिधता भएको ।
- वडा तथा बस्तिहरुमा यातायात तथा संचारको पहुँच बिस्तार ।
- यातायातको पहुँचले गर्दा समुदायमा उत्पादित कृषिजन्य तथा आर्थिक आम्दानि हुने बस्तु बजारसम्म निर्यात गर्न सहज ।
- स्थानीय श्रोत साधनको उपलब्धता ।

## विकास र समृद्धिको लक्ष प्राप्तिका चुनौती :

- रोजगार सिर्जनासंग प्रत्यक्ष जोडिएका सीपमूलक शिक्षा तथा व्यावसायिक तालिमहरूको प्रभावकारी कार्यान्वयन गर्नु,
- स्थानीय उत्पादनको भण्डारण, प्रशोधन तथा बजारीकरणको पूर्वाधारलाई व्यवस्थापन गर्नु।
- पालिकाका सबै बस्तीहरूमा भौगोलिक जटिलताका कारण भरपर्दो सडक यातायातको व्यवस्था गर्नु ।
- युवा जनशक्तिलाई कृषि, उद्योग वा सेवा क्षेत्रतर्फ आकर्षित गरी स्वदेशमै रोजगारी सृजना गर्न नसकिनु।
- निर्माण सम्पन्न संरचनाहरूको दिगोपनाका लागि आवश्यक मर्मत तथा सञ्चालन व्यवस्थामा स्थानीय समुदायको चासो र उत्तरदायित्व अभाव देखिनु,
- भरपर्दो सञ्चार पहुँच विस्तार गर्नु,
- भू-उपयोग व्यवस्थापन, पूर्वाधार विस्तार र वातावरणीय सन्तुलन जस्ता नीतिलाई व्यवहारिक कार्यान्वयनमा ल्याउनु,
- योजना कार्यान्वयनमा आवश्यक वित्तीय साधन र स्रोत व्यवस्थापन गर्नु,
- आन्तरिक आयको दर र दायरालाई फराकिलो बनाई आर्थिक स्रोत सुनिश्सित गर्नु,

- बाढी, पहिरो, चट्याङ, हावाहुरी, आगलागी, अतिबृष्टि तथा अनाबृष्टिजस्ता प्राकृतिक प्रकोपले जनधनमा क्षति हुनु,
- पूर्वाधार विकासका क्रममा आवश्यक स्रोत साधन र भू-स्वामित्वको विवाद फलस्वरुप योजनामा अवरोध हुनु,
- विषयगत क्षेत्रका आवश्यक दक्ष जनशक्तिको व्यवस्थापन गर्न,
- संघ तथा प्रदेश सरकारबाट वस्तुपरक, स्पष्ट, व्यावहारिक, स्थीर, समयगत कानुनको तर्जुमा नहुनु

## नीति तथा कार्यक्रम तर्जुमाका आधारहरु:

आर्थिक बर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानुनी आधारमा रही नीति तथा कार्यक्रम तयार पारिएको छ ।

- नेपालको संबिधान २०७२ ले स्थानीय शासन सम्बन्धि उल्लेख गरेको नीतिगत व्यवस्था ।
- स्थानीय सरकार सन्चालन ऐन २०७४ ले स्थानीय तहले आवधिक, बार्षिक तथा रणनीतिक योजना बनाइ लागु गर्न सक्ने सम्बन्धि व्यवस्था ।
- नेपाल सरकारको सोर्हौ योजना, दिगो विकास लक्ष २०३० को मार्गचित्र तथा सुदूरपश्चिम प्रदेश सरकारको प्रथम पन्चबर्षिय योजना ।
- संघीय सरकार तथा प्रदेश सरकारले तयार पारेका नीति तथा कार्यक्रम ।
- गाउँपालिकाले तयार पारि कार्यान्वयन गरेका नीतिगत व्यवस्था ।
- गाउँपालिकाको विकास गुरु योजना तथा रणनैतिक योजनाहरु।

## चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिवरण:

- सडक यातायात तर्फ मार्मा गाउँपालिकामा संघ, प्रदेश र पालिकाको समन्वयमा पालिका भित्र संचालनमा रहेका **पारिबगड घोल्जर परमचुला सडक, लटिनाथ, सारसी बजानी दुनि सडक, तपोवन मुर्रे निम्ठा सडक मटेला लामबगर सडक**को ट्रेक खोल्ने तथा स्तरोन्नति गर्ने कार्य निरन्तर चली रहेको छ । साथै **बिटुले पारिबगड सडक** खण्ड ४ कि.मि. कालो पत्रे गर्ने कार्य सम्पन्न गरि लटिनाथ बजारसम्म ५ कि.मि. स्तरोन्नति गर्ने कार्य सम्पन्न भएको छ ।
- सबै बस्तीहरुलाई जोड्ने पदमार्ग छोटो सहज बनाउन बिभिन्न बस्तिहरुमा सोलिंग तथा पि.सी.सी बाटो निर्माण गर्ने कार्य निरन्तर चली रहेको छ ।
- संघीय सरकारसंगको समन्वयमा **वडा नं.२ सिमार र वडा नं.४ जोड्ने परपडा मोटरेबल पुल निर्माण** सम्पन्न भइ संचालनमा ल्याइएको छ भने **वडा नं.३ भैसे र वडा ६ जोड्ने शेरी मोटरेवल पुल** ०८२/०८३ मा सम्पन्न गरि संचालनमा ल्याइने छ ।
- खानेपानी तथा सरसफाइ क्षेत्रमा रहेका समस्या समाधान गर्न पालिका स्तरमा रहेको खानेपानी तथा स्वच्छता इकाई (वास युनिट) ,मार्फत मार्मा गाउँपालिका भित्र **खानेपानी योजनाहरुको दिगो संचालन तथा सबैका लागि स्वच्छ खानेपानी** संचालन गर्न निरन्तर पहल भईराखेको छ। ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना RVWRMP को सफल संचालन, तत् पश्चात वास युनिट मार्फत परियोजनाका सफल अभ्यास र गाउँपालिकाको निरन्तर प्रयासले गाउँपालिकामा चालु आ.व.देखि फिनल्याण्ड सरकार, युरोपियन युनियन नेपाल सरकार र स्थानीय तहको साझेदारीमा **जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजना (लक LACCP)** संचालनमा ल्याईएको छ। गाउँपालिकामा संचालन गर्ने उक्त परियोजना मार्फत गाउँपालिका क्षेत्रमा जलवायु मैत्री खानेपानी, सरसफाइ, बहुउपयोगी योजना, सिचाइ, कृषी क्षेत्रका क्रियाकलापहरु, बनजंगल संरक्षण लगायत आयआर्जन क्रियाकलापहरु,

विपद जोखिम व्यवस्थापन तथा लैङ्गीक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण र सुशासनका क्षेत्रमा **आगामी** ५ बर्ष सम्म विविध योजना तथा क्रियाकलापहरु संचालन गरिने छन्।

चालु आर्थिक बर्षमा लक परियोजना मार्फत मार्मा गाउँपालिकाको वडा नं.१ को अगरकाँडा बस्ति, वडा नं.२ को सिमडांग लामबगर र वडा नं.४ को घोडेधार बस्तीमा खानेपानी योजनाहरु, वडा नं. ३ मा सल्लेथुम सिंचाइ, वडा नं ५ को गोल्फा, वडा नं ६ को मौरे र निम्ठामा रहेका विद्यालयमा सुविधा युक्त शौचालयहरु निर्माणाधिन अवस्थामा रहेका छन् भने वडा नं २ को लाम्बगर मावि लाम्बगरमा सुधारिएको चुलो सहितको भान्छा घर निर्माण गर्ने कार्य चलिरहेको छ ।

- **स्वास्थ्य सेवा विस्तार र पहुँच वृद्धिः** १० सैय्या अस्पताल मार्माको भवन निर्माण सम्पन्न भई हाल हस्तान्तरण प्रक्रियामा रहेको छ। चालु आर्थिक वर्षदेखि उक्त अस्पतालमा आवश्यक उपकरणहरूसहित सेवा सञ्चालन गर्ने तयारी गरिएको छ। यसैगरी, वडा नं. ५ स्थित मुरैमा निर्माणाधीन स्वास्थ्य चौकी अन्तिम चरणमा पुगेको छ भने वडा नं. ६ को निम्ठामा सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन सम्पन्न भई हाल त्यहाँबाट नियमित रूपमा सेवा सञ्चालन भइरहेको छ।
- १० सैय्याको मार्मा अस्पतालमार्फत प्रदान हुँदै आएको **चिकित्सकीय सेवा** थप प्रभावकारी बनाइएको छ। प्रयोगशाला, एक्स-रे, अल्ट्रासाउण्ड ,डेन्टल लगायका सेवाहरु प्रभावकारी संचालनमा ल्याउनुका साथै गाउँपालिकाको ६ वटै वडाका दुर्गम बस्ति हरुमा घुम्ती सेवा मार्फत सेवापनि उपलब्ध गराईएको छ ।
- मार्मा गाउँपालिका भित्र संघ, प्रदेश र पालिकाको समन्वयमा पक्की सिचाइ नहर तथा कुलो निर्माण गरिदै सिचाइ सुविधाको विस्तार गरिएको छ। चालु आर्थिक वर्षमा **उच्च पहाडी एवं हिमाली क्षेत्र सम्वृद्धी कार्यक्रम मार्फत** सिचाइ पहुँच वृद्धि गर्न सिचाइ संरचनाहरू निर्माण भई किसानहरूको उत्पादन तथा आम्दानी वृद्धि हुने कार्य भइरहेको छ। यसले कृषकहरूको खाद्य सुरक्षा बढाउनुका साथै जीवनस्तरमा समेत सकारात्मक परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।
- **खेलकुद प्रवर्द्धन र युवा सहभागिता**का लागि वडा नं. ४ स्थित तपोवनमा निर्माण गरिएको खेलमैदानमा चालु आर्थिक वर्षमा विभिन्न कार्यक्रमहरू सहित **जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड**, पालिका स्तरीय तथा अन्य खेलकुद प्रतियोगिताहरू भव्य रूपमा सम्पन्न गरिएको छ। यसले युवाहरूमा खेलकुदप्रतिको रुचि बढाउनुका साथै उनीहरूको शारीरिक तथा मानसिक विकासमा समेत सहयोग पुर्याएको छ।
- **उज्यालो मार्मा** अभियान अन्तर्गत बिधुत प्राधिकरणसंगको समन्वयमा मार्मा गाउँपालिकाको वडा नं. १, २, ३, ४ ,५ र ६ का करिब ९०% घरधुरीमा बिधुतीकरण कार्य सम्पन्न गरिएको छ ।
- मार्मा गाउँपालिकामा निरन्तर **चिउरी प्रसोधन केन्द्र** मार्फत साबुन उत्पादन तथा बिक्रि बितरण व्यवसाय संचालनमा छ उक्त उद्योग मार्फत गाउँपालिमा निरन्तर रोजगारी सृजना भएको छ ।
- **विपद व्यवस्थापनः** २०८१ जेठ महिनामा वडा नं ४ को मर्मति र वडा नं ५ को गन्याड बस्तिमा आएको विपदबाट भएको क्षतिको प्रारम्भिक चरणमा प्राविधिक मुल्याङ्कन सम्पन्न गरि अन्नवालिको क्षतिपुर्ति दिने कार्य सम्पन्न गरिएको छ साथै संघीय सरकारको समन्वयमा उक्त विपद प्रभावित वस्तीहरुमा पुनर्निमाणका कार्यहरु अगाडी बढाइएको छ।
- **वैज्ञानिक वन व्यवस्थापन र डढेलो नियन्त्रण:** वन तथा वातावरण संरक्षणतर्फ २४ वटा सामुदायिक वन समूहको अभिलेख अद्यावधिक गरी वैज्ञानिक वन व्यवस्थापन प्रणाली लागू गरिएको छ, जसले वन डढेलो लगायतका विपद् न्यूनीकरणमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।
- **सुशासन र कानुनी आधार सुदृढीकरण:** सुशासन तथा संस्थागत विकास प्रवर्द्धन गर्ने लक्ष्यअनुसार मार्मा गाउँपालिकाले हालसम्म विभिन्न आवश्यक ऐन, नियमावली रकार्यविधिहरू तयार गरी कार्यान्वयनमा ल्याएको

छ, जसले प्रशासनिक प्रक्रिया पारदर्शी र जवाफदेही बनाउने दिशामा सहयोग पुऱ्याएको छ। गाउँपालिकाको योजनावद्ध विकाश गर्न आवध्धिक योजना साथै मध्यकालिन खर्च संरचना तर्जुमा गरि बिकास कार्य चरणवद्ध रुपमा गरिएको।

- स्थानीय उत्पादनमा आधारित **दिवा खाजा कार्यक्रम**लाई अझ प्रभावकारी र व्यवस्थित बनाउन विद्यालयहरूलाई निश्चित मापदण्ड अनुसार भान्छे व्यवस्थापनका लागि अनुदान प्रदान गरिने व्यवस्था गरिएको छ।
- **गैर सरकारी संस्था (IDS)** संग सहकार्य गरि ३ वटा विध्यालयहरुमा भान्छाघर निर्माण गर्ने कार्य चलिरहेको छ, सो कार्य चालु आर्थिक बर्षमा सम्पन्न गर्ने योजना रहेको छ।
- **कृषि क्षेत्र** कार्यक्रमहरुलाई निरन्तरता कायम राख्दै यस वर्ष पनि आधुनिक यान्त्रिकरणमा जोड दिँदै किसानहरूलाई हाते ट्याक्टर (मिनी टेलर) वितरण गर्ने कार्य गरिएको छ साथै आलु र अन्य तरकारी बिउमा अनुदान सहितका कार्य सम्पन्न गरिएका छन्।
- **पशुशाखा** अन्तर्गत मुर्रा भैसी खरिद गरी कृषि समूहलाई हस्तान्तरण गरियो र बाख्रा खोर सुधार कार्यक्रम निरन्तर संचालन गरिएको छ ।
- न्यायिक समिति मार्फत **न्यायसम्पादन कार्य**लाई थप प्रभावकारी बनाउन विविध क्षमता अभिवृद्धि तालिम सफलतापूर्वक आयोजना गर्नुका साथै वडा मेलमिलाप कर्ताहरुलाई पुनर्ताजगी तालिम मार्फत थप क्षमता विकास गरिएको छ । उजुरी व्यवस्थापन कार्यलाई व्यवस्थित र थप प्रभावकारी बनाईएको छ।
- **भू-उपयोग र व्यवस्थापन**ः गाउँपालिकाभित्रका निजी तथा सार्वजनिक जग्गाको व्यवस्थित नियमन र उपयोगका लागि भू-उपयोग क्षेत्र वर्गीकरण प्रतिवेदन तयार गरी जग्गा १० वर्गमा विभाजन गरी अध्यावधिक गर्ने कार्य सम्पन्न भएको छ।
- सार्वजनिक सेवा प्रवाहलाई सरल र सहज बनाउँदै नागरिकको पहुँच सुनिश्चित गर्न संस्थागत विकासमा विशेष ध्यान दिइएको छ।
- आर्थिक अनुशासन र पारदर्शिता कायम राख्दै सुशासनको प्रत्याभूति गर्न सामाजिक परीक्षण र सार्वजनिक सुनुवाई कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिएका छन्।
- लेखा परीक्षण मार्फत 'शून्य बेरुजु' र 'भ्रष्ट्राचार शून्य सहनशीलता' कायम गर्ने कार्य प्रभावकारी रुपमा संचालनमा ल्याईएको छ।

## उपस्थित सदस्य ज्यूहरु

अब म आर्थिक बर्ष २०८२/०८३ मा अवलम्वन गरिने प्रमुख नीतिहरु प्रस्तुत गर्न गई रहेको छु ।

## आगामी आ.व. २०८२/०८३ को प्रमुख क्षेत्रगत नीति:

### भौतिक पूर्वाधार विकास

- पूर्वाधार विकासलाई प्राथमिकतामा राखी "**सम्वृदिको आधारः प्राथमिकतामा दिगो पूर्वाधार**" भन्ने मुल नारालाई व्यवहारतह कार्यान्वयनमा ल्याइने छ। सोका लागि गाउँपालिकाले निर्माण गरेका रणनैतिक योजना, आवधिक योजना लगायतका गुरुयोजनाहरुलाई प्रभावकारी कार्यान्वयन गरिने छ।
- मार्मा गाउँपालिकाको **समुन्नतिको महत्वपूर्ण आधार भौतिक पूर्वाधारको विकास** लाई प्राथमिकता दिदै पालिकाले निर्माण गरेको आवधिक योजनालाई प्रभावकारी कार्यान्वयनमा ल्याईने छ।
- पूर्वाधार निर्माणमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्राथमिकता दिइनेछ, साथै निर्माणको क्षेत्रमा सामुदायिक, सहकारी क्षेत्र र उपभोक्ता समितिहरुको प्रभावकारी परिचालन गरिनेछ।

- शेरी निम्ठा सडक संचालन गर्न बजेट सुनिश्चित गरि प्रभावकारी कार्यान्वयन गरिने छ र साथै तपोवन-मुरै-निम्ठा-बिनायक सडक,शेरी-मर्मति-तपोबन सडक , तपोबन-पडपडा-बार्कु सडक क्रमसः निर्माणको लागि समन्वय गरिने छ।
- **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** भन्ने नारालाई साकार पार्न लटिनाथ-सार्सि -बजानी सडक, पारीबगड-गुल्जर-परमचुली सडक, लाम्बगर मटेला सडक, शेरी- निम्ठा सडक, शेरी- मर्मति- तपोवन सडक र अन्य गाउँपालिकाको ग्रामिण सडकहरुको ट्रेक खोल्ने कार्य र स्तरोन्नति गर्ने नीति लिईएको छ।
- वडा नं ३ को भैसे र वडा नं ६ को शेरी जोड्ने मोटरवेल पुलको लागी संघीय सरकारसंग थप समन्वय सहित समय भित्रै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।
- संघीय सरकारको समन्वयमा बिटुले पारिबगडाको सडकखण्ड थप कालोपत्रेको लागि पहल गरिनेछ।
- पालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा भवन संहिता मापदण्ड कार्यान्वयनमा ल्याउने नीतिलाइ निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय बसपार्कको अध्ययन गरि संघीय सरकार, प्रदेश सरकार संग पहल गरि निर्माण कार्य कार्यान्वयनमा ल्याउन पहल गरिने छ।
- गाउँपालिका भित्र निर्माण सम्पन भईसकेका घरहरु पालिकामा अभीलेखिकरण गर्ने तथा नँया निर्माण हुने घरहरु नक्सा पास गराई घर नक्सा अभिलेखिकरणलाई व्यवस्थित गरिने छ।
- मार्मा गाउपालिकामा संभावना रहेका तथा पालिकाको आर्थिक क्षेत्रमा सहयोग पुऱ्याउने ठुला आयोजनाहरुको कार्यान्वयन पक्ष सहज बनाउन समन्वय गर्ने तथा सो प्रकृतीका आयोजना संचालनमा ल्याउन नीजि क्षेत्र साझेदारीको दिर्घकालिन रणनीति लिइनेछ ।
- गाउँपालिका क्षेत्रका ब्यापारिक केन्द्र तथा बजार उन्मुख स्थान, मुख्य बजार सडक छेउ, पर्यटकीय स्थलहरुमा सडक बत्तीको व्यवस्थापनका लागि आवश्यक समन्वय गरिने छ।
- "उज्यालो मार्मा" अभियान अनुसार मार्मा गाउँपालिका भित्र विधुतीकरण हुन बाँकि रहेका बस्तिहरुमा आगामी आर्थिक बर्ष भित्र बिद्युत प्रशारण लाईन बिस्तार गरि दिगो र भरपर्दो विधुत पँहुच शत प्रतिशत घरधुरीमा पुर्याउने लक्ष्य लिईएको छ।

## आर्थिक विकास

**<u>कृषी तथा पशुपंक्षी</u>**

- **"गर्व गरौं रैथाने बालीमा, उत्पादन बढाऔ बालीनालीमा"** भन्ने नारासहित परम्परागत, पोषणयुक्त रैथाने बालीको बीउ संरक्षण र खेती विस्तारलाई निरन्तरता दिइनेछ। स्थानीय आलु, कोदो, राजमा, भटमास, मास जस्ता बालीको उत्पादन र बजार प्रवर्द्धनका लागि साझेदार संघ-संस्था तथा निकायहरूसंग सहकार्य गरिनेछ।
- किसान राष्ट्रका गहना हुन, किसान हुनुमा गर्व छ भन्ने भावनाको जागृत गराइ कृषि कर्मप्रति किसानहरुलाई आकर्षित एवं समर्पित गराउन "**कुटो कोदालो औजार छ हातमाः मार्मा सरकार छ किसानको साथमा**" भन्ने मुल नारालाई कार्यान्वयन गर्न वास्तविक किसानहरुको पहिचान गरि अनुदान न्यायोचित रुपमा वितरण गरिनेछ।
- **एक गाउँ एक उत्पादन** कार्यक्रमलाई निरन्तरता दिई कृषकहरुलाई आधुनिक प्रबिधिसंग जोडि स्मार्ट कृषि प्रबिधिमैत्रि वातावरण सृजना गराईने छ।
- बिभिन्न तरकारी उत्पादन पकेटहरु पहिचान गरि साझेदार निकायहरुको साझेदारीमा बिभिन्न आयआर्जन कार्यक्रमहरू संचालन गरिनेछन्, सोका लागी जलवायु मैत्री तरकारी खेती प्रवर्द्धन गरिनेछ।

- तुलनात्मक लाभको आधारमा भुगोल र वातावरण सुहाउदो कृषि उत्पादनलाई प्रोत्साहन गरिनेछ ।कृषि क्षेत्रलाई बिशिष्टिकरण आधुनिकिकरण यान्त्रीकरण र व्यवसायिकरण गर्ने नीति लिईएको छ।
- स्थानीय महको उच्च माग रहेको र किसानहरुलाई आत्मनिर्भर बनाउने हेतुले संभावना बोकेको क्षेत्र तथा बस्तीमा मौरी पालन व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
- रसायनिक मलको विस्थापनका लागि गोठे तथा कम्पोस्ट मल तयार तथा ब्यबस्थापनमा जोड दिइने नीतिलाई निरन्तरता दिईने छ । सोका लागि कृषी शाखा तथा जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासंगको साझेदारीमा विभिन्न क्षमता विकास तथा अभियानात्मक क्रियाकलापहरु संचालन गरिनेछन्।
- दुधमा आत्म निर्भर गर्नको लागि भैसी पकेट कार्यक्रम संचालन गरिने छ ।
- यस क्षेत्रमा रहेका रैथाने पशुपंक्षी को संरक्षणमा जोड़ दिइने छ ।
- उत्पादन लागत कम गर्न घास खेतीमा जोड़ दिईने छ ।
- पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई सुदृढीकरण गरी आय आर्जनमा वृद्धि तथा स्वरोजगार कार्यक्रम लाई निरन्तरता दिईने छ। पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको लागि पुर्वाधार निर्माण तथा बस्तु भाउ वितरण र व्यवसायिकरण गर्न आवश्यक पहल गरिने छ ।
- पशुको नश्ल सुधार गर्न उन्नत तथा बर्णसंकर जातका पशुपंक्षीको भाले गाउँपालिकामा आयात गरि उत्पादन बृद्धिलाई निरन्तरता दिईने छ ।
- व्यवसायिक बाख्रा पालन, बंगुर पालन, माछा पालन र कुखुरा पालन कार्यक्रमको विस्तार विकास गरी गाउँपालिकालाई मासु जन्य पदार्थमा आत्म निर्भर बनाउदै गाउँपालिकाबाट मासुजन्य पदार्थको निर्यातमा जोड दिइनेछ ।
- नश्ल सुधार सेवा कार्यक्रमलाई पशु पालकहरुलाइ उपलब्ध गराइरहेको **कृत्रिम गर्भाधान मिसन** कार्यक्रमलाई निरन्तरता दिइ दुध तथा दुग्ध पदार्थको उत्पादन र उत्पादकत्व बढाइ दुध तथा दुग्ध जन्य पदार्थमा गाउपालिकालाई आत्मनिर्भर बनाइनेछ ।

**उद्योग तथा पर्यटन तर्फः**

- मार्मा गाउँपालिकामा संचालनमा रहेका साना उद्योगहरुको नियमित अनुगमन ,बजारीकरण तथा संचालित उद्योग हरुमा नियमित प्राबिधिक सहयोग गरिने छ ।
- स्थानीय श्रोत साधन, कच्चा पदार्थ, प्रविधि र सीपमा आधारित घरेलु तथा साना उद्योगहरुलाई प्रोत्साहन गरिनेछ । पालिका भित्रका साना तथा मझौला उद्योगहरुलाई प्रशासकीय क्षमता अभिवृद्धि गर्ने कार्यक्रम नीजि क्षेत्रसंगको लागत साझेदारीमा संचालन गरिनेछ ।
- औद्योगिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- संस्कृति, पुरातत्व र पर्यटन (**घोल्जर पर्यटकीयक्षेत्र, परमचुला पर्यटकीयक्षेत्र, लटिनाथ धार्मिक पर्यटकीयक्षेत्र,बिटुले ड्यामसाइट क्षेत्र र तातोपानी तपोबन पर्यटकीय क्षेत्र** लगायत संभावित पर्यटकीय क्षेत्रहरु) लाई एकिकृत रुपमा प्रवर्धन गर्न धार्मीक, पर्यटकीयर पुरातात्विक महत्वका स्थलहरुको पहिचान र पुर्वाधार विकासका लागि अनुसन्धान र स्थापनामा जोड दिइनेछ ।
- **मार्मा च्युरी प्रशोधन केन्द्र** मार्फत उत्पादन भई रहेको साबुनको गुणस्तर बढाउन तथा उचित मुल्य निर्धारण गरि स्थानीय स्तरमा खपत बढाउन आवश्यक पहल गरिने छ।

**भूमी व्यवस्थाः**

- भू-उपयोग व्यवस्थापन योजना निर्माणका लागि आवश्यक पहल गरिनेछ, साथै जलाधार व्यवस्थापनका लागि योजना तर्जुमा तथा कार्यान्वयन गर्न साझेदार संस्थाहरुसंग आवश्यक सहकार्य गरिनेछ।
- पाखो तथा सार्वजनिक जग्गाहरुमा जडीबुटी कृषी तथा बृक्षारोपण अभियानका लागी आवश्यक पहल गरिने छ।

**श्रम, रोजगारः**

- अध्यक्ष स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिइ आवश्यक साम्राग्रीको व्यवस्थापन गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई निरन्तरता सहित थप प्रभावकारि हुने नीति अवलम्बन गरेको छु।
- वैदेशिक रोजगारी सम्वन्धी जानकारी, आवश्यक सिप सिकाउन, बैदेशिक रोजगारीबाट फर्केका युवायुवतीहरुलाई समाजमा आफुले सिकेका सिप सहित जिवीकोपार्जन गर्न विभिन्न साझेदारहरु संघ-संस्था संगको समन्वय तथा साझेदारीमा आवश्यक कार्यक्रमहरू (SAMI)संचालन गरिनेछ।

**सिँचाइः**

- गाउँपालिका क्षेत्रमा कृषी उत्पादन हुने जग्गा जमिनहरुमा सिचाइ सुविधा पुर्याउन बिभिन्न साझेदार संस्थाहरूसंगको साझेदारीमा आयोजनाहरू निर्माण गर्ने नीति लिईएको छ ।
- सिचाइ योजना सहितको बहुउपयोगी योजना निर्माणमा सहकार्य साझेदारी गर्ने नीति लिईएको छ।
- माटोको प्रकृती, जग्गाको धरातलिय अवस्थितिका आधारमा सिचाइका विभिन्न प्रविधीहरु जस्तै पाईप सिचाइ, पोखरी सिचाइ, थोपा सिचाइ, लिफ्ट सिचाइ आयोजना संचालन गर्ने सहकार्य गर्ने नीति लिईएको छ।
- कृषकहरुको आयआर्जनमा टेवा पुर्याउन सिचाइ सुविधा भएका जमिनहरुमा जलवायु मैत्री कृषी प्रणाली तथा कृषी वन विकासका गर्ने नीति लिईएको छ।

## गाँउसभा सदस्य ज्यूहरु

## सामाजिक विकास क्षेत्र अन्तर्गत

### स्वास्थ्य क्षेत्र

- १० सैय्या अस्पताल मार्माको भौतिक पूर्वाधारहरु चालु आर्थिक बर्षमा सम्पन्न भई आवश्यक उपकरण तथा मानव स्रोत साधन सहित व्यवस्थापन गरिने छ। निर्माणाधिन रहेको सितोला स्वास्थ्य चौकी, निर्माण सम्पन्न हुने लक्ष्य राखिएको च्युरानी स्वास्थ्य चौकी सम्पन्न गरि आवश्यक उपकरण तथा मानव स्रोत साधन सहित व्यवस्थापन गरिने छ।
- नयाँ निर्माण गर्नु पर्ने आवश्यक रहेका स्वास्थ्य चौकिहरु क्रमसः निर्माण सम्पन्न गरि संचालनमा ल्याईने छ।
- आधारभूत अस्पताल, स्वास्थ्य चौकीहरू, आधारभूत स्वास्थ्य सेवाकेन्द्र र सामुदायिक स्वास्थ्य इकाईहरूको लागि औषधि र औजार उपकरणहरूको व्यवस्थापन गरि सेवाहरूको सुदृढिकरण गरिने छ।
- मार्मा गाउँपालिकामा संचालनमा रहेको एम्बुलेन्स सेवालाई निश्चित मापदण्डको आधारमा नि:शुल्क सेवा प्रदान गरिने व्यवस्था मिलाइनेछ।
- **अध्यक्ष संग नागरीक स्वास्थ्य परीक्षण कार्यक्रम** अन्तरगतका सेवाहरुलाई निरन्तरता दिईनेछ।
- **उपाध्यक्ष कोसेली कार्यक्रम** अन्तरगतका सेवाहरुलाई निरन्तरता दिईनेछ। सो कार्यक्रम अन्तरगत सुत्केरी तथा गर्बवती आमाहरुको पोषण सुधार गरिने छ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई दिईदै आएको प्रोत्साहन भत्तालाई बृद्धी गर्ने नीति लिईएको छ साथै महिला स्वास्थ्य स्वयं सेविका दिवशमा गरिदै आएको सम्मानलाई निरन्तरता दिईने छ ।
- गर्भवती महिलाहरूलाई प्रदान गरिदै आएको ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई सबैको पहुंचमा पुर्याइ सेवा सर्बसुलभ गरिने छ । गर्भवती तथा वालवालिकाहरूको पोषण लेखाजोखा गरिने छ ।
- स्वास्थ्य संस्थाबाट टाढा रहेको समुदायमा सामुदायिक स्वास्थ्य इकाई केन्द्र थप गरि संचालनमा ल्याइने छ ।
- स्वास्थ्य संस्थाहरुलाई प्रविधीमैत्री बनाउन विध्धुतिय अभिलेख eHMIS प्रणाली लागु गरि व्यवस्थापन गर्ने नीति लिइएको छ।
- स्वास्थ्य संस्था र बर्थिङ सेन्टरका सहयोगी कार्मचारी र सरसफाई कर्मिहरुलाई संक्रमण रोकथाम तथा फोहरमैला व्यवस्थापन सम्बन्धि क्षमता अभिवृधी गरि दक्ष बनाइने।
- **स्वस्थ्य नागरिक स्वस्थ्य समाजलाई** ध्यान दिदै दैनिक योगाभ्यासका लागि प्रोत्साहन गरिनेछ ।

- पालिका भित्रका नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गरि बिभिन्न संघ-संस्थाहरुसंगको समन्वय साझेदारीमा समय समयमा बिशेषज्ञ सहितको शिविर संचालन गरिने छ।

**शिक्षा युवा तथा खेलकुद तर्फः**

- विद्यालय नक्साङ्कनका आधारमा आवश्यकता अनुसार बिद्यालय समायोजन तथा तह मिलान गरिनेछ।
- फर्निचर, सूचना प्रविधी सामग्री लगायत आवश्यक शैक्षिक सहयोग सामग्रीहरुको व्यवस्तापन गरि शिक्षण सिकाईलाई थप प्रभावकारी बनाईनेछ।
- आर्थिक बर्ष २०८२-०८३ लाई शैक्षिक सुधार बर्षको रुपमा मनाईनेछ।
- **शैक्षिक सुधार कार्यक्रम**लाई गाउँपालिका भित्र संचालित विद्यालयहरुमा विद्यार्थीको अनुपातमा बिषय शिक्षकहरुको व्यवस्थापन निरन्तर अगाडी बढाइएको छ साथै कक्षा १ देखि कक्षा १२ सम्म संचालित बिद्यालयहरु र लटिनाथ क्याम्पसलाई दिइदै आएको अनुदानलाइ निरन्तरता दिइने छ ।
- विद्यालयको बाह्य वातावरणलाइ स्वच्छ र हराभरा बनाउन सरोकारवालाहरुसंगको साझेदारीमा विद्यालय बृक्षारोपण कार्यक्रम अभियानात्मक रुपमा संचालन गरिनेछ।
- १० बर्षे जनयुद्धका सहिदका वालवालिकाहरुलाई दिइदै आएको प्रोत्साहनलाई निरन्तरता दिइएको छ ।
- चिकित्सा शास्त्रमा उच्च शिक्षा हासिल गर्न प्रदान गरिने एम.बि.बि. एस. छात्रवृत्तिलाइ निरन्तरता दिइने छ ।
- खेलकुद क्षेत्रमा पालिका स्तरमा गर्दै आईरहेका क्रियाकलापहरुलाई निरन्तरता दिईने छ, सो का लागि पालिकाका खेल मैदानहरुलाई निरन्तर स्तरउन्नती गर्न वजेट व्यवस्थापनका लागि पहल गरिने छ साथै पालिकाका उदायमान खेलाडीहरुलाई प्रोत्साहन गरिनेछ ।
- विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, पठनपाठनलाई नियमित र प्रभावकारी बनाउन तथा शिक्षक, विद्यालय कर्मचारी र बालविकास सहजकर्ताहरूलाई पठनपाठनप्रति उत्तरदायी र जिम्मेवार बनाउने उद्देश्यले विद्यालयमा सघन र निरन्तर अनुगमनको व्यवस्था गरिनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि विद्यालयमा शैक्षिक सामग्रीको सहयोग, शिक्षकहरुको लागि तालिम,प्राविधिक सहयोग,पढाइ मेला,विद्यालय व्यवस्थापन समिति अध्यक्ष, अभिभावक संघ अध्यक्ष तथा प्रधानाध्यापकको बैठक, घरभेट कार्यक्रम ,टोल शिक्षा कार्यक्रम गैर सरकारि संस्थाको समन्वयमा कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ साथै बिद्यालयमा खानेपानी तथा सरसफाइमा विशेष ध्यान दिइने छ ।
- विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न विद्यालय नजिगका समुदायमा स्थानीय स्तरमै तरकारी उत्पादन गर्न प्रोत्साहन गरिने छ साथै अन्य सामग्री खरिद तथा आपुर्तिका लागि आवश्यक सहजिकरण गरिनेछ।
- शारिरीक रुपमा सुगठित नागरिक उत्पादनका लागि गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी विविध विधाका खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछन । गाउँपालिका भित्रका आधारभुत खेल मैदानहरुको विकास गरी विभिन्न खेलहरुलाइ प्रोत्साहन गरिनेछ । साथै **खेलकुद प्रतियोगिताहरु** संचालन गरि युवाहरुलाइ खेलकुदमा आकर्षित गर्ने नीति लिईएको छ।
- युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैर सरकारी संघ संस्थाहरु संग समन्वय सहकार्यमा सीप तथा उध्यमशिलाताका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ ।
- बालमैत्री स्थानीय शासन कार्यक्रम संचालन तथा मार्मा गाउँपालिकालाई **बालमैत्री उन्मोख गाउँपालिका** लक्षीत कार्यक्रम संचालन गर्न साझेदारी सहितको कार्यक्रम गर्ने नीति लिईएको छ।
- मार्मा गाउँपालिका भित्रका अनाथ वालवालिकाहरुको शिक्षामा पहुच सुरक्षीत गर्न **अध्यक्ष संरक्षण कार्यक्रम** संचालन गरिने छ सो का लागी पालिका स्तरमा कोष व्यवस्थापन गरि आवश्यक आवास सहितको शैक्षिक कार्यक्रम संचालन गरिनेछ।
- निश्चित मापदण्डको आधारमा नमुना बालबिकासकेन्द्र छनोट गरि छनोट भएको बालबिकासकेन्द्रको भौतिक र शैक्षिक बिकासकोलागि आवश्यक सहयोग गरिनेछ।
- विद्यालयमा पहुँच नपुगेका बालबालिकाहरुलाई बिद्यालय भर्ना गराउन साथै बिद्यालय शैक्षिक क्रियकलापहरुमा निरन्तरता दिनको लागि आवश्यक कार्यक्रम गरिने छन।

**खानेपानी तथा सरसफाइ तर्फ:**

- जलवायु परिवर्तनका कारण पानीका मुहान सुक्दै गएको र खानेपानी तथा जलस्रोतको समग्र व्यवस्थापनमा समस्या देखिएकोमा गाउँपालिका भित्रका पानीका मुहान संरक्षणका लागी सरोकारवाला निकायहरुसंगको साझेदारीमा पुनर्भरण पोखरी तथा अन्य संरचनाहरु निर्माण गर्ने नीति लिईएको छ।
- पालिका भित्र **एक घर एक धारा** को नीतिलाई निरन्तरता दिदै जलवायु परिवर्तन स्थानीय अनुकूलन परियोजनासंगको साझेदारीमा थप खानेपानी, र बहुउपयोगी योजनाहरु निर्माण गर्ने नीति लिईएको छ।
- समस्याग्रस्त खानेपानी योजनाहरुको पुनः व्यवस्थापन तथा सुचारु गरिने छ। साथै मार्मा गाउँपालिकाका सुख्खा ग्रस्त क्षेत्रहरुमा खानेपानीका लागि बैकल्पिक बिधीहरु अपनाई खानेपानी आपुर्तिको व्यवस्थापन गर्ने नीति लिईएको छ।
- हाल सम्म सम्पन्न भएका खानेपानी तथा सरसफाई योजनाहरुको नियमित मर्मत सम्भार तथा संचालनका लागि पालिका स्तरमा उपभोक्ता समितिहरुको क्षमता विकास, प्रभावकारी अनुगमनका लागि आवश्यक सयन्त्र निर्माण गरि प्रभावकारी परिचालन गरिने छ।
- गाउँपालिकाको वास योजना, एकिकृत जलस्रोत व्यवस्थापनका लागि स्थानीय अनुकुलन कार्ययोजना, जस्ता योजनाहरु निर्माणका लागि सरोकारवालाहरुसंग समन्वय गरि कार्यान्वयनमा ल्याईने छ।
- फोहरमैला तथा ढल व्यवस्थापन कार्यका लागि ल्याण्ड फिल्ड साइड निर्माणलाई प्राथमिकता साथ अगाडी बढाईनेछ।

**लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ:**

- **विकासमा महिला सम्वृद्धीमा पहिला** भन्ने मुल ध्येयका साथ गाउँपालिकामा संचालन गरिने क्षमता विकास तथा चेतनामूलक कार्यक्रमहरुमा महिलाहरुलाई प्राथमिकताका साथ संलग्न गराईने छ।
- लैङ्गीक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण परिक्षण गरि उपरोक्त कार्यक्रमहरु प्रभावकारी कार्यान्वयन गरिने छ।
- **उपाध्यक्षसंग एकल महिला कार्यक्रम**लाई निरन्तरता दिईनेछ।
- महिला विकास समुह तथा संजाललाई थप सक्रिय बनाउदै महिला माथि हुने सम्पूर्ण हिंसा तथा शोसण जन्य क्रियाकलापको अन्त्य गरि महिला सशक्तिकरण  गरिनेछ सो का लागि गाउँपालिकामा संचालित कार्यक्रमहरु तथा सरोकारवालाहरुसंग प्रभावकारि समन्वय गर्ने नीति लिईएको छ।
- बालश्रम मुक्त स्थानीय तह घोषणाका लागि सरोकारवालाहरुसंग समन्वय गरि अभियानात्मक क्रियाकलापहरु संचालन गर्ने नीति लिईएको छ।
- बाल बिबाह न्युनिकरण गर्ने जनचेतनामूलक कार्यक्रमहरु प्रभावकारी संचालनमा ल्याईनेछ।
- अपंगता भएका व्यक्तीहरुको हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न लक्षीत  कार्यक्रम संचालन गरिने छ ।
- संविधान प्रदत्त मौलिक हक कार्यान्वयन गर्न जातीय तथा लैङ्गिक विभेद प्रति सुन्य सहिष्णुता नीति अवलम्बन गरिएको छ।
- घरेलु तथा व्यवसायिक हिंसामा परेका महिलालाई खोज उद्धार गरि उचित व्यवस्थापनका लागि पहल गरिनेछ।
- **उद्यमसिलता सीप विकास तथा व्यवसायिकता कार्यक्रम**हरु निरन्तर प्रभावकारी कार्यान्वयन गरिनेछन्।
- दलित समुदाय शसक्तिकरण गर्न तथा सो समुदायका वालवालिकाहरुलाई प्राविधीक शिक्षामा पँहुच पुर्याउन विभिन्न संघ-संस्था संग समन्वय गरि कार्यक्रमहरु संचालन गरिनेछ।
- मार्मा गाउँपालिका अन्तर्गत रहेका भुमिहिन दलित, भुमिहिन सुकुमवासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्न निजहरुको तथ्यांक संकलन कार्य सम्पन्न गरि निस्सा वितरणको तयारीका साथै जग्गाधनी प्रमाण पुर्जा प्राप्तिका लागि आवश्यक समन्वय/पहल गरिने छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन

- जलवायु परिवर्तन स्थानिय अनुकूलन परियोजना (LACC) मार्फत सामुदायिक, कबुलियती वन तथा निजि जग्गामा आम्दानी हुने खालका जडीबुटीजन्य, बास्नादार तथा अन्य फलफुलका बिरुवाहरु वृक्षारोपण, तथा पूर्वाधार निर्माण गरि स्थानीय जनताको आम्दानी वृद्धी सहित रोजगारी सृजना गरिने नीति लिईएको छ।
- गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरुमा बायोईन्जिनियरिङ्ग प्रविधी र बृक्षारोपण सहित जोखिम न्यूनिकरण कार्यक्रमहरु संचालन गरिनेछन्।
- गाउँपालिका भित्रका सडकहरुको छेउछाउमा माटो अड्याउने, आयआर्जन तथा बहुउद्देशीय बिरुवा बृक्षारोपण गर्न विभिन्न संघ-संस्था/निकायहरुको साझेदारीमा विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति लिईएको छ।
- सामुदायिक तथा कबुलियती वनको कार्ययोजनाहरु नवीकरण गरि सो वनमा संरक्षण, सम्वर्द्धन तथा सदुपयोगका क्रियाकलापहरु साझेदार संस्थाहरूसंगको साझेदारी गरिने छ।
- वनमा हुने आगोलागी र वन जंगल तथा भीर पाखामा लाग्ने डढेलोबाट हुने जनधनको क्षति तथा वातावरणीय प्रदुषण रोक्न विभिन्न सूचना शिक्षा तथा संचार सामग्री विकास गर्नुका साथै सम्बन्धित सरोकारवालाहरुको समन्वयमा वन डढेलो नियन्त्रणका कार्यक्रमहरू संचालन गरिनेछन्।
- अपिनाम्पा संरक्षण क्षेत्र साथै सामुदायिक वन उपभोक्ता समितिहरूसंग सहकार्य गरि वन विनास कार्य रोकथाम गरिनेछ ।
- चरिचरण नियन्त्रण तथा प्राकृतिक पुनर्उत्पादन संरक्षणका निमित्त कार्यक्रमहरु संचालन गरिने छ।
- पालिकाका विभिन्न क्षेत्रमा बृक्षारोपणका लागि आवश्यक बिरुवा उत्पादनका लागि बहुउद्देशीय नर्सरी स्थापना गरिनेछ।
- गैर काष्ठ वन पैदावारहरुको दिगो संकलन, प्रशोधन तथा बिक्रिवितरणका लागि कार्यक्रमहरु संचालन गरिने छन्।
- जैविक विविधता संरक्षण तथा पारस्थितिय प्रणाली सुधारका निमित्त सामुदायिक तथा अन्य वन क्षेत्रहरुमा संरक्षणका क्रियाकलापहरु संचालन गरिनेछन्।
- फोहरमैलाको उचित व्यवस्थापनलाई मध्यनजर गरि फोहोरको स्रोतमा नै अर्गानिक, प्लाष्टिक, सिसाजन्य, कुहिने एवं नकुहिने छुट्टा-छुट्टै वर्गीकरण गरी कुहिने फोहोरलाई अनिवार्य रुपमा सम्वन्धित व्यक्तिले नै व्यवस्थापन गर्नुपर्ने र नकुहिने फोहोरलाई मात्र गाउँपालिकाले उठाई ल्याण्ड फिल्ड साइट सम्म लैजाने व्यवस्था मिलाइनेछ।
- गाउँपालिका क्षेत्र भित्र स्वास्थ्य, सरसफाइ र स्वच्छताको एवं वातावरणीय दृष्टिकोणले उत्सर्जित प्लाष्टिकजन्य फोहोरको न्यूनीकरण गर्न प्लाष्टिकजन्य वस्तुहरुको प्रयोगमा निरुत्साहित गरिने नीति लिईनेछ, उक्त कार्यका लागि समुदाय परिचालन सहितका जनचेतनामुलक अभियानहरु संचालन गरिनेछन् ।
- **"हरेक नागरिको विपदमाः मार्मा सरकार छ साथमा"** भन्ने मुल नाराका साथ मार्मा गाउँपालिकाका नागरिकहरुलाई सम्भावित विपदको जोखिमबाट मुक्त गर्न गराउन विपद व्यवस्थापन योजना निर्माण गरि विपद पूर्वको तयारी, प्रतिकार्य लगायत विपद पश्चातको व्यवस्थापन कार्यका लागि आवश्यक व्यवस्था मिलाउनुको साथै विभिन्न क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछन्।
- विपदका समय उद्दार लगायतका कार्यमा आवश्यक पर्ने सहयोग सामग्री खरिद गरिने लक्ष्य लिईएको छ।
- मार्मा गाउँपालिकाको विपद पूर्व तयारि तथा प्रतिकार्यको लागि संचालित आकस्मिक कार्य संचालन तथा पूर्व सूचना प्रणाली स्थापनाका लागि सम्वन्धित निकाय तथा संघ-संस्थाहरुसंग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।
- पहियो नियन्त्रण, विपद व्यवस्थापन एवं जलवायु परिवर्तनको असरलाई न्युनीकरण गर्दै LACC (लक) परियोजना संग जोड्दै जलवायु अनुकूल विकास निर्माण गर्ने कार्य कार्यान्वयनमा ल्याइनेछ।

## सुशासन तथा संस्थागत सम्बन्धी नीति

- **"मार्मा गाउँपालिकाको सुशासनका आधारः उत्तरदायित्व, जवाफदेहिता, पारदर्शीता र सदाचार"** भन्ने नारालाई गाउँपालिकाको शासन र प्रशासनिक संयत्रलाई जनतामैत्री बनाउन सरकारी सेवा प्रदायक निकायमा जवाफदेहिता पारदर्शिता प्रभावकारीता र भ्रष्टाचारमुक्त शासन सुनिश्चित गर्ने नीति लिइनेछ।
- गाउँपालिकाको कर्मचारी प्रशासनलाई चुस्त र व्यवस्थित बनाउन अध्यावधिक गरिएको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) कार्यान्वयनमा ल्याइनेछ।
- कर्मचारीहरुको मनोबल उच्च बनाई सेवा प्रवाहलाई चुस्त, दुरुस्त एवं नतिजामुखी, पारदर्शी एवं आर्थिक अनुशासन कायम गर्ने नीति अवलम्बन गरिनेछ।
- कर्मचारीहरुलाई अनिवार्यरुपमा **सामाजिक सुरक्षा कोष** साथै कर्मचारी कल्याण कोषमा आवध्द हुने नीति अवलम्बन गरेको छु।
- सामाजिक सुरक्षा भत्ता लाई थप व्यवस्थित र पारदर्शी बनाउका लागी आगामी आ.व.मा व्यक्तिको पहिचान तथा जैविक विवरण सहितको बायोमेट्रिक भेरिफिकेस गर्नका लागी सवै लाभग्राहिहरुको राष्ट्रिय परिचयपत्र VERSP-MIS (भरसप एमआईयस) सिस्टमा अनिवार्य  प्रविष्ट गर्ने व्यवस्था मिलाइने छ।
- मार्मा गाउँपालिका सबै वडा कार्यालयबाट गत आर्थिक वर्षबाट नै व्यक्तिगत घटना दर्ता  अनलाइन माध्यम बाट वडा कार्यालय बाटै संचालन गरिएकोले उक्तकार्यलाइ थप व्यवस्थित गरि पालिका नै धाउनु पर्ने अवस्थाको अन्त्य गरिनेछ।
- आन्तरिक राजश्व वृद्दि गर्न राजश्व सुधार कार्य योजनालाई समयनकुल बनाई संस्थागत क्षमता बिकसा गरी करका दर र दायारामा हेरफेर गरिने छ।
- गाउँपालिका अन्तर्गतका सबै कार्यालयमा सेवा प्रवाहको एकद्धार प्रणाली विकास गर्ने नीति अवलम्बन गरिनेछ। जनगुनासो सम्बोधनका लागि हरेक वडामा गुनासो सुनुवाइको व्यवस्था र मोबाइल गभर्नेन्सको व्यवस्था गरिने छ। गाउँ कार्यपालिकाको कार्यालय एवं मातहतका कार्यलयहरुबाट हुने सेवा प्रवाहको गुणस्तरमा अभिवृदि गरिनेछ।
- मार्मा गाउँपालिकाको समग्र विकाशका लागि विकाश गुरुयोजना निर्माण तथा निर्मित गुरुयोजनाको अध्याधिक गर्ने कार्य अगाडी बढाइने छ।
- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु, भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने नीति अबलम्बन गरिनेछ।
- न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई छिटो, छरितो, पारदर्शी र विश्वसनीय बनाई न्यायमा आम नागरिकको पहुँच अभिवृद्धी गर्न न्याय सेवालाई थप प्रभावकारी बनाईने छ।
- न्याय प्रणालीलाई विश्वसनीय बनाउन र सुधार गर्न अध्ययन अनुसन्धानमा जोड दिई न्यायिक समितिको क्षमता अभिवृदि गरिनुका साथै न्यायिक समितिको असल अभ्यासको आदानप्रदानको व्यवस्था मिलाइनेछ।
- **मेलमिलाप सेवा शान्ति र समृद्धीलाई टेवा** भन्ने मूल नारा सहित मेलमिलाप प्रकृयालाई स्थानीय स्तरसम्म पुर्याउन मेलमिलापकर्ताको क्षमता अभिबृद्धी गरि सबै वडाहरुमा सुविधा सम्पन्न वडा मेलमिलाप केन्द्र स्थापना गरिनेछ।सबै वडा कार्यालयहरुबाट व्यक्तिगत घटना दर्ता अनलाईन माध्यमबाट संचालन गर्न पहल गरिने छ।
- कर्मचारिहरुको कार्यसम्पादन मुल्यांकन गरि कर्मचारीको कार्य दक्षता वृद्धि तथा प्रोत्साहन गर्न पुरुस्कृत गर्ने व्यवस्था गरिने छ ।
- गाउँपालिका अन्तरगतका सम्पुर्ण कार्यालयहरुमा इन्टरनेट व्यवस्थापन गरिनेछ।

## अन्य तर्फः

- **छिमेकी स्थानीय तहहरूसँग समन्वय:** विभिन्न विकास र सेवा प्रवाहसँग सम्बन्धित विषयमा छिमेकी पालिकासँग अन्तरक्रिया र समन्वय बैठकहरू सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।
- **एकिकृत घुम्ति शिविर** संचालन गरि विभिन्न प्रकारका सेवाहरुलाई एकद्धार प्रणाली मार्फत संचालन गरिनेछ।
- **बैदेशिक रोजगारीका सेवाहरूको निरन्तरता:** वैदेशिक रोजगारमा जाने युवाहरूलाई सहजता होस् भनेर पालिकाबाटै श्रम स्वीकृतिको अनलाइन फारम भर्ने सेवा निरन्तर उपलब्ध गराइनेछ।
- **योजनाको पहिचान र छनौटमा सुधार:** वार्षिक विकास योजनाहरूको पहिचान, छनौट र प्राथमिकताक्रम निर्धारणलाई अनुशासित र जवाफदेही बनाउन नयाँ प्रणालीको सुरुआत गरिएको छ। योजनाहरू मागमा आधारित, सहभागीमूलक र यथार्थपरक बनाउने अभ्यास समेत थालिएको छ।
- **जलस्रोत र सिमसार संरक्षण:** जलाधार संरक्षण कार्यक्रमअन्तर्गत भूमिगत पानीका मूलहरू, जलस्रोत र सिमसार क्षेत्रको संरक्षण तथा प्रवर्द्धन गरी ती स्रोतबाट खानेपानी आपूर्ति सुनिश्चित गर्ने नीतिलाई निरन्तरता दिइनेछ। पानीको पुनर्भरण, पुनर्धारण तथा पुनःप्रयोग का कार्यक्रमहरु संचालनमा ल्याईनेछ।
- **पूर्वाधार र वातावरणीय अध्ययन:** पूर्वाधार निर्माणका क्रममा वातावरणमा पर्न सक्ने नकारात्मक असर न्यूनीकरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययनलाई निरन्तरता दिइनेछ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनमा योजना तर्जुमा तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमिकीकरणका लागि त्रिबर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत तपशिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरि योजना प्राथमिकिकरण गरिने समेत जानकारी गराउन चाहन्छु।

## योजना प्राथमिकीकरणका आधार तथा मापदण्डहरु

- स्थानीय सरकार संचालन ऐन २०७४
- आर्थिक बिकास र गरिबी न्यूनीकरणमा प्रत्यक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा र सिपमा आधारित जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
- स्थानीय सस्कृति र पहिचान प्रवर्धन गर्ने,
- जलवायु परिवर्तन अनुकूलन क्रियाकलाप प्रवर्धन
- दिगो विकास ,वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- सेवा प्रवाह ,सस्थागत बिकास र शुशासनमा योगदान पुर्याउने,
- जनयुद्ध तथा जन -आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदाय लाइ सहयोग पुर्याउने,

अन्तमा मार्मा गाउँपालिकाको यस सत्रौं गाउँसभामा **"स्वरोजगार र श्रम पहिचान ,समृद्ध मार्मा निर्माणको अभियान** ले यस गाउँपालिकाको दिर्घकालिन सोचलाई टेवा  पुग्नेमा विश्वस्त छु,।

**उपस्थित सदस्य ज्यूहरु,**

परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको  संबिधानले सिर्जित अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिकाको निर्माणका लागि हामीमाझ अवसर र चुनौती हरु उत्तिकै रहेका छन् । यिनै चुनौतीहरुको

सामना गरि आगाडी बढ्न मार्मा बासि आम जनसमुदायहरु, गाउँपालिकाका क्रियाशील राजनीतिक दलहरु लगायत सरोकारवालाबाट निरन्तर सहयोग, विस्वास र प्रतिबद्धता समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु। साथै स्थानीय सरकार संचालन, निर्माण, आर्थिक सामाजिक, भौतिक तथा मानबिय बिकासका बिबिध पक्षहरुमा योगदान पुर्याउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दै यहा उपस्थित जनप्रतिनिधिहरु,गैर सरकारी क्षेत्र ,संचार जगत ,राष्ट्रसेवक कर्मचारीहरु ,यस गाउँपालिका बासि जनसमुदायहरु लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

# धन्यवाद !!!